घरपभ्होङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपभ्होङ गाउँपालिका

# गाउँ कार्यपालिकाको २५औं बैठकको निर्णयहरु

मिति २०८०।९।१६

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८०।८।२० गते बसेको २४औं बैठकमा भएका निर्णयहरुको प्रगति समिक्षा गरियो । उक्त बैठकमा भएको सबै जसो निर्णयहरु कार्यान्वयनको प्रक्रियामा गएको र जाडोको मौसमले गर्दा भौतिक पूर्वाधार सम्बन्धी निर्माण कार्यहरु फागुन महिना देखि मात्र शुरु हुने र प्रस्ताव नं. ९ को सन्दर्भमा प्राविधिकबाट लगत ईस्टिमेट तयार गर्ने प्रक्रियामा रहेको जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. २ :-**

राष्ट्रिय योजना आयोगको मिति २०८०।८।३० गतेको प्रकाशित सूचना बमोजिम आगामी आ.ब. २०८१।८२ को लागि तपसिलका योजनाहरुलाई तपसिल बमोजिम सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत प्रस्ताव गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**क) विशेष अनुदान अन्तर्गतका योजनाहरु :-**

**क्रमागत योजना तर्फ :-**

१) मार्फा-छैरो जाने बेलीबृज निर्माण योजना ।

२) स्याउ ग्राम निर्माण, ठिनी (स्याउ संकलन, प्याकिङ, चिस्यान केन्द्र तथा बिक्रि केन्द्र निर्माण)

**नयाँ योजना प्रस्ताव तर्फ :-**

१) मार्फा देखि धमाङ सम्मको कृषि सडक स्तरोन्ती गर्ने र धमाङबाट माथि युम्पा क्याव सम्म कृषि सडक निर्माण योजना ।

२) स्याङ गाउँको खेतबारीमा तारजाली घेराबार गरी सुरक्षा गेट निर्माण योजना ।

३) कालीगण्डकी नदी (सशस्त्र प्रहरी क्याम्प देखि काठेपुल सम्म) दायाँ बायाँ जमिन सम्म्याई खेती योग्य जमिन बनाउने ।

**ख) समपूरक अनुदान अन्तर्गतका प्रस्ताव गरिएको योजना :-**

१) छैरो देखि चिमाङ सम्मको मोटरबाटो स्तरोन्नती योजना, (मार्फा-छैरो बेलीबृज देखि चिमाङ), घरपभ्होङ गा.पा.-१, मुस्ताङ ।

**प्रस्ताव नं. ३ :-**

सेवा करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस कार्यालयबाट चालु आ.ब.मा तलब भत्ता भुक्तानी भईरहेका सम्पूर्ण सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद मिति २०८१ आषाढ मसान्तसम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

ज्येष्ठ नागरिक अवलोकन भ्रमणमा नपुग हुने रकम व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

चालु आ.ब. को स्वीकृत कार्यक्रम अनुसार महिला ज्येष्ठ नागरिक अवलोकन भ्रमणको लागि तोकिएको उमेर पुगेका र भ्रमण कार्यक्रममा जाने सहभागीहरुको संख्या अनुसार केही बढी नामावली पेश हुन आएकोले उक्त विषयमा छलफल हुँदा पेश भएका नामावली अनुसार सबैलाई भ्रमण कार्यक्रममा समावेश गर्ने र नपुग हुने रकम गाउँसभाबाट निर्णय भए बमोजिम पछि सोधभर्ना हुनेगरी हाललाई चालु आ.ब. को चालु खर्च अनुमान तर्फ अध्ययन अवलोकन भ्रमण खर्च शिर्षकको बजेटबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

यस गाउँपालिकामा जाडो मौसममा हिमपात भई अध्याधिक चिसोका कारण केहीजसो ज्येष्ठ नागरिकहरु जाडो छल्नका लागि पौष र माघ महिनामा पोखरा र काठमाण्डौ तर्फ जाने गरेको हुँदा भ्रमण कार्यक्रमका सहभागी मध्ये कोही पोखरा र काठमाण्डौमा रहेको भए निज कति दिनको लागि भ्रमण कार्यक्रममा सहभागी हुने हो सोही बमोजिमको दिनको अवलोकन भ्रमण कार्यक्रमका सहभागी ज्येष्ठ नागरिकहरुलाई रु.११००।- को दरले (नियमानुसार कर कट्टी हुने) भ्रमण भत्ता उपलब्ध गराउने र यसको अभिलेख अवलोकन भ्रमणमा खटिएको कर्मचारीले राख्ने, साथै अवलोकन भ्रमण सहभागी हुने जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

कुकुर बन्ध्याकरणको लागि खर्च भएको रु.३,७३,१००।- भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

छाडा रुपमा रहेका कुकुरहरुले गाईबस्तु लगायत मानिसलाई टोक्ने गरेकोले नियन्त्रणका लागि भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सँगको समन्वयमा यस गाउँपालिका भित्र रहेका कुकुर नियन्त्रणका लागि कुकुर बन्ध्याकरण गर्ने कार्यक्रम सञ्चालन गरिएकोमा उक्त कुकुर बन्ध्याकरण कार्यक्रममा खर्च भएको रु.३,७३,१००।- यस गाउँपालिकाको चालु आ.ब.को अन्य कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८०।०८।१६

घरपखोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ :-**

साईन बोर्ड र डिजिटल बोर्ड फिटिङको भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस गाउँ कार्यपालिकाको कार्यालयको १) साईन बोर्ड तयारी र फिटिङ गर्न लागेको खर्च रु.२२७५०।- र २) डिजिटल डिस्प्ले बोर्ड फिटिङ गर्न लागेको खर्च रु.४५९८०।५९ विविध खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

भगिनी सम्बन्ध स्थापनाको लागि अनुरोध गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

ललितपुर महानगरपालिका र यस गाउँपालिका बीच पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास साथै असल अभ्यास र अनुभवको आदान प्रदानको लागि अन्तर स्थानीय तह भगिनी सम्बन्ध स्थापित गर्न उपयुक्त रहेको निष्कर्ष सहित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम भगिनी सम्बन्ध स्थापनाको लागि ललितपुर महानगरपालिकालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

शैक्षिकशत्र सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस मुस्ताङ जिल्ला लगायत अन्य हिमाली जिल्लाहरुमा जाडोको मौसममा अध्याधिक चिसो हुने र हिमपात समेत हुने हुँदा विद्यालयहरुमा पठनपाठन नियमित हुन नसक्दा शैक्षिक गुणस्तरमा असर परेकोले केही बर्ष देखि मुस्ताङ लगायत हिमाली जिल्लाहरुमा विद्यालयहरुको शैक्षिकशत्र फागुन देखि मंसिर सम्म हुने व्यवस्था रहेको थियो । उक्त व्यवस्था बमोजिम विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम भएको देखिएको थियो तर चालु बर्ष देखि नेपाल सरकारले देशका अन्य क्षेत्र बमोजिमनै यस मुस्ताङ जिल्लाको शैक्षिकशत्र समेत कायम गरेकोले विद्यार्थीहरुको पठनपाठनमा समस्या उत्पन्न हुने देखिएको हुँदा गत बर्ष बमोजिमको शैक्षिकशत्र कायम गरिदिनु हुनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

गाउँपालिकाको लोगो डिजाईन सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिकाको आफ्नो प्रतिक चिन्ह (लोगो)को डिजाईन गरी प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८०।८।८ मा पहिलो पटक ३० दिनको समयं रहेको सार्वजनिक सूचना प्रकाशन भएकोमा तोकिएको समय भित्र १ वटा मात्र प्रस्ताव पेश भएको साथै डिजाईन गरेको लोगोको पूर्णरुपमा व्याख्या गरी प्रस्ताव पेश हुन नआएकोले पूर्ण व्याख्या सहित लोगो डिजाईन गरी प्रस्ताव पेश गर्ने सम्बन्धी पुनः १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८०।०३।१६